व्यास नगरकार्यपालिकाको २०९ औं बैठक आज मिति २०८१/११/२६ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | अनुस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८१/११/२१ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: धन्यवाद ज्ञापन सम्बन्धमा ।
प्रस्ताव नं.३: पुनः स्पष्टीकरण माग गर्न निर्देशन दिने सम्बन्धमा ।
प्रस्ताव नं.४: चिस्यान केन्द्र सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.५: बैरेनी जग्गा एकिकरण आयोजनाको खुल्ला क्षेत्र विकासका लागि शहरी विकास तथा भवन निर्माण विभागसँग आवश्यक वित्तीय सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.६: छात्रवृत्ति सिफारिसको प्रतिवद्धता सम्बन्धमा ।
प्रस्ताव नं.७: स्थानीय पाठ्यक्रम सहजीकरण निर्देशिका कार्यदल सम्बन्धमा ।
प्रस्ताव नं.८: शिक्षक मेन्टरिङ्गमा पठाइएको सम्बन्धमा ।
प्रस्ताव नं.९: संस्थागत विद्यालयको कर निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.१०: निजी जग्गामा उत्खनन् भएको ढुङ्गा, ग्राभेल बिक्री सम्बन्धमा ।
प्रस्ताव नं.११: अपाङ्गता सहायता कक्ष सञ्चालन कार्यविधि २०८१ सम्बन्धमा ।
प्रस्ताव नं.१२: विद्यालय भवन निर्माणमा सहभागिताका लागि प्रतिवद्धता सम्बन्धमा ।
प्रस्ताव नं.१३: नगरपालिकाको स्थापना दिवसमा स्मारिका प्रकाशन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: बालश्रम मुक्त स्थानीय तह घोषणा सम्बन्धमा ।
प्रस्ताव नं.१५: विभिन्न शीर्षकमा रकमान्तर गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१६: अत्यावश्यक विभिन्न कार्यमा विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१७: प्र.अ. नियुक्ति सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस अघि मिति २०८१/११/२१ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनका सन्दर्भमा समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/११/२५ गते व्यास नगरपालिकामा भएको राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलका प्रतिनिधिहरुसँगको संयुक्त बैठकमा सबै पक्षको राय सुझावमा सरसफाई व्यवस्थापन केन्द्रको स्थायी व्यवस्थापन हुनुपर्दछ भन्ने परामर्श प्राप्त भएकोले सहभागिताका लागि सबै राजनैतिक दललाई धन्यवाद ज्ञापन गरिन्छ । साथै हालका जग्गा खरिदको प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन वा वैकल्पिक व्यवस्थापनमा सबै राजनैतिक दलको सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका जिम्मेवार कर्मचारीहरु श्री कुमार कन्चन जि.सी., श्री प्रमोद सोती, श्री कृष्णराज घिमिरे र श्री कुशेश्वर गुरुङ्गले मादक पदार्थ सेवन गरी सिङ्गो नगरपालिकाका जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतका विरुद्ध बोलिएको अडियो सार्वजनिक भए पश्चात २०८१/११/१९ गते सात दिने स्पष्टीकरण सोधिएकोमा चालक श्री कुशेश्वर गुरुङ्गले घटनाक्रम प्रति स्वीकार गरी क्षमा मागेकाले निजको हकमा सचेत गराई निलम्बन फुकुवा गर्न र अन्य ३ जना कर्मचारीबाट एकै मिलानको भाषा, हस्तलिखित स्पष्टीकरण घटनाक्रम प्रति अस्वीकार गरी छानविनको माग भई आएकोले एकै स्थानमा बस्ने कर्मचारीहरु बीच फरक-फरक स्पष्टीकरण प्राप्त भएकोले पुनः स्पष्टीकरण माग गरी राजनैतिक दल, नागरिक समाजको भावनाको कदर गर्दै कानुन बमोजिमको कारबाही अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.११ गैराबारीमा रहेको निर्माण सम्पन्न चिस्यान केन्द्रको सञ्चालनका लागि पटक-पटक सूचना प्रकाशन गरेर सहकारी र कृषि समूहलाई अनुरोध गर्दा समेत कुनै सहकारी र कृषि समूहले सञ्चालनमा सहभागी हुन नआएकाले व्यास नगर कार्यपालिका कै तर्फबाट सञ्चालनको जिम्मेवारी लिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुंदा मिति २०८१/८/१५ गतेका दिन शहरी विकास तथा भवन निर्माण विभागबाट महानिर्देशक, उप-महानिर्देशक तथा इन्जिनियर लगायतको टोलीद्वारा व्यास १०

बैरेनीस्थित बैरेनी जग्गा एकीकरण आयोजनाको स्थलगत निरीक्षण भ्रमणका क्रममा आयोजनाको पूर्वाधार निर्माणका लागि वित्तीय सहयोग र प्राविधिक क्षमता बृद्धि गर्न पहल गर्ने प्रतिवद्धता अनुरुप आयोजनाको कार्यान्वयनका लागि तयार गरिएको साविकको डि.पि.आर. मा समावेश नभएको पूर्वाधारहरु (विद्युतीकरणका लागि आवश्यक लोड सेन्टर तथा प्रशारण लाइन विस्तार) तथा उपभोक्ता जग्गाधनीद्वारा योगदान गरी छुट्याइएको विभिन्न खुल्ला क्षेत्र (सार्वजनिक जग्गा) को विकास गर्नका लागि आयोजना कार्यान्वयन इकाइद्वारा तयार गरी पेश भई आएको पूर्वाधारहरुको प्रारम्भिक डिजाइन तथा लागत अनुमान अनुसार आवश्यक वित्तीय सहयोगका लागि अनुरोध गरी शहरी विकास मन्त्रालय अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभागलाई पत्राचार गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ बस्ने पूर्णमान श्रेष्ठको नाती सूर्यकुमार श्रेष्ठको छोरा वर्ष २३ को सन्दिप श्रेष्ठलाई Masters of Structural Engineering विषयमा त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोकमा अध्ययन गर्नका लागि व्यास नगरपालिकाद्वारा प्रायोजन (क्याम्पसमा लाग्ने सम्पूर्ण शुल्कको भुक्तानी गर्ने) प्रतिवद्धता गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका विद्यालयहरुमा शैक्षिक सत्र २०८१ बाट स्थानीय पाठ्यक्रम लागू गरिएकोमा विद्यालयहरुबाट उक्त पाठ्यक्रमसँग सम्बन्धित सिकाई सहजीकरण निर्देशिका माग भए बमोजिम आ.व.२०८१/०८२ बजेट पुस्तिका सि.नं. ९५ खर्च शिर्षक ८१ स्थानीय पाठ्यक्रम पाठ्यपुस्तक छपाई शीर्षकबाट कार्यान्वयन हुने गरी स्थानीय पाठ्यक्रम (हाम्रो व्यास नगर) सिकाई सहजीकरण शिक्षक निर्देशका, अध्ययन तथा लेखन कार्यका लागि तपसिलको मस्यौदा कार्यदल समिति गठन गरियो । उक्त समितिबाट तयार भएको स्थानीय पाठ्यक्रम (हाम्रो व्यास नगर) सिकाई सहजीकरण शिक्षक निर्देशिका नगर शिक्षा समिति मार्फत अनुमोदन गरी आवश्यकता अनुसार सिकाई सहजीकरण शिक्षक निर्देशिका छपाई गरी विद्यालयहरुलाई वितरण गर्ने कार्यका लागि शिक्षा तथा सामाजिक विकास शाखालाई अनुमति दिई कार्य अगाडि बढाउने निर्णय गरियो ।

<u>स्थानीय पाठ्यक्रम (हाम्रो व्यास नगर) सिकाई सहजीकरण शिक्षक निर्देशिका, मस्यौदा लेखा कार्यदल :</u>

| | | |
|---|---|---|
| १. संयोजक | श्री केदारराज आचार्य | – नगर शिक्षा अधिकारी |
| २. सदस्य | श्री गणेशचन्द्र बस्नेत | – प्र.अ. निर्मल मा.वि.व्यास १ |
| ३. सदस्य | श्री भरत काफ्ले शिक्षक | – शिव पाञ्चायन मा.वि., व्यास ३ |
| ४. सदस्य | श्री अनिल श्रेष्ठ | – सत्यवती मा.वि., व्यास २ |
| ५. सदस्य | श्री रुपा घिमिरे | – शिक्षक, क्यामिन मा.वि. व्यास ७ |
| ६. सदस्य | श्री हरी गौतम | – सत्यवती मा.वि., व्यास २ |
| ७. सदस्य | श्री विष्णुबहादुर ढकाल | – शिक्षक, सत्यवती मा.वि., व्यास २ |
| ८. सदस्य | श्री विश्वास के.सी. | – तनहुँ तारापुञ्ज एकेडेमी, व्यास ५ |
| ९. सदस्य | श्री नविन पराजुली | – अधिकृत, व्यास न.पा. |

कम्प्युटर टाइपिङ्ग तथा प्राविधिक सहयोग, श्री किशोर बास्तोला, प्रा.स. व्यास न.पा.

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत शिक्षक मेन्टरिङ्ग कार्यान्वयन कार्यविधि, २०८० अनुसार यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्यापनरत नवप्रवेशी मेन्टरिङ्ग शिक्षककहरुलाई पेशागत सहायता प्रदान गर्न मेन्टर प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त शिक्षकमध्येहरुबाट मेन्टर शिक्षकको रुपमा शिक्षा तथा सामाजिक विकास शाखाले मेन्टर शिक्षकहरु खटाइएको निर्णय अनुमोदन गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाभित्र सञ्चालन भएका केही विद्यालयहरु दर्ता नभई सञ्चालनमा रहेको र करको दायरामा समेत नआएको हुँदा विद्यालय सञ्चालन भएको अवधिदेखि आ.व.२०७२/०७३ सम्म वार्षिक रू.१०००। (अक्षेरुपी एक हजार मात्र) र सो पश्चात् नगरपालिकाको आर्थिक ऐन बमोजिम कर निर्धारण गर्नका लागि राजश्व परामर्श समितिबाट कार्यपालिका बैठक समक्ष सिफारिस भई आएकाले सिफारिस बमोजिम गर्न गराउन सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१२ स्थित फुलकुमारी गुरुङ्गको नाममा रहेको साविक कर्लुङ्ग ५/ज कि.नं.१८१, ३०२, ३०५ र ३०७ भएको जग्गा सम्याउने खार्ने क्रममा उत्खनन् भएको ढुङ्गा तथा ग्राभेल अन्यत्र बिक्री वितरण भएको बुझिएको हुँदा स्थलगत रुपमा नापजाँच गरी प्राविधिक प्रतिवेदनको परिमाणको आधारमा आर्थिक ऐनमा व्यवस्था भए बमोजिम राजश्व असुली गरेर मात्रै थप कार्य अगाडि बढाउन राजश्व परामर्श समितिको सिफारिस भई आएकाले सिफारिस बमोजिम गर्न गराउन सम्बन्धित शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगर अपाङ्गता सहायता कक्ष सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१२ कमलाबारी स्थित सिद्धेश्वरी मा.वि.लाई पहार ट्रष्ट यू.के.द्वारा ८ कोठे भवन निर्माण गर्दा सम्बन्धित विद्यालय र नगरपालिकाबाट रू.३०,००,०००। (अक्षेरुपी तीस लाख मात्र) लागत सहभागिता गर्नुपर्ने प्रस्ताव आएकाले आगामी वर्ष २०८२/०८३ को बजेटबाट सुनिश्चित गर्ने प्रतिवद्धता सहित नगर प्रमुखबाट मिति २०८१/११/२५ गते भएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुंदा २०८१ चैत्र ३० गते व्यास नगरपालिकाको ३३ औं स्थापना दिवसमा यस बर्ष २०८१ मा भएका गतिविधिहरुको जानकारीमूलक स्मारिका प्रकाशन गर्ने गरी सूचना प्रविधि शाखालाई समन्वय गर्न निर्देशन दिने निर्णय गरियो । साथै स्मारिकामा प्रतिवेदन एवं शुभ-कामना समावेश गर्ने गरी २०८१/१२/१५ गतेभित्र सूचना तथा प्रविधि शाखामा पेश गर्न सम्बन्धित सबैलाई जानकारी दिने निर्णय गरियो ।

१. पूर्व नगर प्रमुख/उपप्रमुखको आफ्ना अनुभवहरु ।
२. वर्तमान नगर प्रमुख/उपप्रमुखको अभिव्यक्ति ।
३. सम्पूर्ण वडाहरुबाट भएका कार्य प्रगतिहरु ।
४. सबै विषयगत समिति, उपसमितिका गतिविधिहरु ।
५. सबै शाखाका अशल अभ्यास सहितका गतिविधिहरु ।
६. न्यायिक समिति, प्राज्ञिक समिति, लेखा समितिका गतिविधिहरु ।
७. विविध ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकालाई बालश्रम मुक्त स्थानीय तह घोषणा गर्ने सन्दर्भमा बाँकी रहेका वडाहरु २, ३, ४ लाई बालश्रम मुक्त वडा घोषणाका लागि थप अध्ययन तथा सचेतनामूलक कार्यक्रम गरी सम्पूर्ण वडाहरु समेत नगरपालिकालाई बालश्रम मुक्त वडा घोषणा गर्न सम्बन्धित वडाहरु र शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८१/०८२ को बजेट अन्तर्गत विविध फुटकर चालु योजना, मनोसामाजिक अपाङ्गता कार्यक्रम, विपद् व्यवस्थापन कोष, विभिन्न जाती जनजाती संग्रहालय पूर्वाधार निर्माण, खानेपानी योजना, विद्यालय पूर्वाधार निर्माण, सिँचाई कार्यक्रम, स्वास्थ्य संस्थाको भवन मर्मत, विविध फुटकर योजनामा अत्याधिक माग भएकाले उक्त शीर्षकहरुको व्यवस्थापन गर्न खर्च हुन नसक्ने अन्य शीर्षकहरुबाट रकमान्तर गर्ने निर्णय गरियो ।

| क.सं. | व.शि.नं. | रकमान्तर रकम | खर्च गरिने शिर्षक |
|---|---|---|---|
| १. | ८० | ७००,०००। | विविध फुटकर - चालु |
| २. | १३९ | १,०००,०००। | विभिन्न जाती जनजाती, पूर्वाधार निर्माण - पूँजिगत |
| ३. | ७६६ | ५,०००,०००। | खानेपानी निर्माण - पूँजीगत<br>विद्यालय पूर्वाधार - पूँजीगत<br>सिँचाई व्यवस्थापन - पूँजीगत<br>स्वास्थ्य संस्थाको भवन - पूँजीगतञ<br>विविध फुटकर योजना - पूँजीगत |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा अत्यावश्यक खानेपानी, सिँचाई लगायत विपद्जन्य कार्यमा निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | ट्रेड सेन्टरमा रहेको सार्वजनिक शौचालय मर्मत | २ | २,२७,०००। | ८९३ (व.८१७) |
| २. | बुद्धपार्क टोल खानेपानी इनारको मोटर खरिद | ३ | २०,०००। | ८४७ (व.७७४) |
| ३. | चिन्टुटार दामखोला सिँचाई पाइप खरिद | ५ | ३२,०००। | ८४७ (व.७७४) |
| ४. | ठूलोटार सिँचाई कुलो मर्मत | ५ | २,१५,०००। | ८४७ (व.७७४) |
| ५. | रानीटारी शहरी स्वास्थ्य भवन मर्मत शौचालय निर्माण | ५ | १,३०,०००। | ८५० (व.७७७) |
| ६. | बादी अम्बोटे तल्लो कुलो मर्मत निर्माण | ६ | १,००,०००। | ८४७ (व.७७४) |
| ७. | मनबहादुर वि.क. टौवा आगलागी | ६ | २०,०००। | विपद |
| ८. | समीफेद जलदेवी टोल मझुवा खेत कुलो संरक्षण | ८ | १,००,०००। | ८४७ (व.७७४) |
| ९. | रिस्ती कृषि फारम टनेल व्यवस्थापन समेत | ८ | १,००,०००। | १३२ (व.११८) |
| १०. | सुवास सापकोटा आगलागीबाट पराल समेत नष्ट | १० | १५,०००। | विपद |
| ११. | छाङ्गाबाराही शिवालय मन्दिर ट्रस निर्माण धारा निर्माण समेत | १० | १,५०,०००। | ८४३ (व.७७०) |
| १२. | चण्डिका आधारभूत विद्यालय पूर्वाधार निर्माण | ११ | २,००,०००। | ८४६ (व.७७३) |
| १३. | गोला सामुदायिक भवन खानेपानी पाइप खरिद | १२ | १७,०००। | ८४५ (व.७७२) |
| १४. | डुम्रीबोटे बाँध कुलो निर्माण | १२ | १,५०,०००। | ८४७ (व.७७४) |
| १५. | वडा कार्यालय मर्मत रङ्गरोगन | १२ | २,५०,०००। | ८४१ (व.७६८) |
| १६. | छाब्दी मार्ग हुँदै वडा कार्यालय जोड्ने सडक स्तरोन्नति ( पूर्व निर्णय संशोधन) | १२ | ६५,०००। | ८९३ (व.८१७) |
| १७. | निःशुल्क शिक्षा कार्यान्वयन एवं दरबन्दी मिलान प्रतिवेदन | | ८१,५००। | ९१ (व.७८) |
| १८. | राष्ट्रपति रनिङ्गशिल्ड जिल्लास्तरीय प्रतियोगीता थप | | ९३,१३१। | ११४ (व.१०१) |
| १९. | गण्डकी वाङ्मय शास्त्रीय छन्द प्रशिक्षण कार्यक्रम सहयोग | | ५०,०००। | ११३ (व.१००) |
| २०. | गितल प्रतिष्ठान नेपाल नाटक महोत्सव कार्यक्रम सहयोग | | ५०,०००। | ११३ (व.१००) |
| २१. | प्रेश चौतारी नेपाल कार्यक्रम सहयोग | | २५,०००। | ३७ |

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा प्रचलित कानुन, नियम अनुसार २०८१ चैत्र महिना भित्र प्रधान अध्यापक नियुक्ति प्रकृया सम्पन्न गर्न व्यास नगर शिक्षा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

***